# चिनियाँ भाषा पाठ्यक्रमसम्बन्धी परिशिष्ट निर्देशन
# (चिनियाँ भाषा नबोल्ने विद्यार्थीका लागि)

## कार्यकारी उपसंहार

### प्रस्तावपना

एक. परिशिष्ट निर्देशन भनेको साझा पाठ्यक्रमको प्रारुपमा चिनियाँ भाषा नबोल्ने विद्यार्थीको सिक्ने वातावरणबमोजिम चिनियाँ भाषा पाठ्य पुस्तकलाई व्यवहारमा उतारिने परिशिष्ट सिद्धान्त, उपाय तथा सल्लाह हुन्। पढ्ने व्यक्तिहरुले त्यस ग्रन्थ्यादिको भूमिकालाई वितेका केही वर्षयता सार्वजनिक गरिएका चिनियाँ भाषासम्बन्धी अनेकन् शिक्षा पुस्तकसँग जोडेर पढ्नुपर्छ। जसबाट पाठ्य पुस्तकको सम्पूर्ण विषयबारे स्पष्टसँग बुझ्न सकियोस्।

### अध्याय एक: परिचय

दुई. हङ्गकङ्गमा रहेका चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरुले सामान्य रुपमा प्रयोग गर्ने भाषाहरुमध्ये उर्दू भाषा, अँग्रेजी भाषा, नेपाली भाषा, तागाओग भाषा तथा हिन्दी भाषा आदि हुन्।

तीन. विद्यार्थीका लागि चिनियाँ तथा अँग्रेजी अक्षरका साथै क्यान्टोनिज भाषा, फु थोङ्ग व्हा र अँग्रेजी भाषाको स्तरलाई माथि उकास्नु हङ्गकङ्गको चिनियाँ भाषा प्रशिक्षणको मुख्य नीति हो। हङ्गकङ्ग समाज तथा माध्यमिक विद्यालयमा सामान्य रुपमा क्यान्टोनिज भाषा तथा चिनियाँ परम्परागत अक्षरको प्रयोग गरिन्छ। चिनियाँ भाषा नबोल्ने विद्यार्थीले क्यान्टोनिज भाषा तथा चिनियाँ परम्परागत अक्षरको अध्ययन गर्ने कुरा उनीहरु समाजमा मिल्न र बाँच्नका लागि सघाउ पुग्नेछ। साथै जुन कुरा उनीहरुको आफ्नो हितसँग पनि अनुकुल छ।

### अध्याय दुई: पाठ्यक्रमको प्रारुप

चार. हङ्गकङ्ग पाठ्यक्रमको विकास समितिद्वारा तर्जुमा गरिएको चिनियाँ भाषा पाठ्यक्रममा पाठसम्बन्धी लचिलो र फराकिलो प्रारुप प्रदान गरिन्छ। उक्त पाठ्यक्रम हङ्गकङ्गका समस्त माध्यमिक तथा प्राथमिक विद्यालयका विद्यार्थीहरुको प्रयोगसित अनुकुल हुन्छ। विद्यार्थीहरुका लागि अध्ययनसम्बन्धी विभिन्न किसिमका चाहनालाई पूरा पार्नका लागि विद्यालयले केन्द्रीय पाठ्यक्रमको प्रारुपबमोजिम आ-आफ्नो पाठ्यक्रमको समन्वय गर्नुपर्छ।

पाँच. चिनियाँ भाषासम्बन्धी प्रशिक्षण र अध्ययनका विषयहरुमा पढाइ, लेखाइ, सुनाइ, बलाइ, साहित्य, चीनको परम्परागत संस्कृति, नैतिक उपदेश, विचार र आफूद्वारा चिनियाँ भाषा सिक्ने नौवटा चरण आदि समावेश छन्। ती विषयहरु समस्त विद्यार्थीहरुका लागि अनुकुल हुन्छन्।

छ. विद्यालयले चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरुको विशेषताबमोजिम् वास्तविक रुपमा विभिन्न किसिमको कारकतत्वको सोचविचार गर्नुका साथै अध्ययनसम्बन्धी उपयुक्त विषय तर्जुमा गर्नुपर्छ। जस्तै: अक्षर सिक्ने र लेख्ने, मानिसहरु बीचको सम्पर्क र आदान-प्रदान गर्ने क्षमतालाई उकास्ने, बौद्धिक क्षमता प्रारुपको स्थापना गर्ने, सुन्दर र सुमधुर चीजको दृश्यावलोकन गर्ने, विभिन्न किसिमका संस्कृति सिक्ने र आफूद्वारा सिक्ने क्षमतालाई बलियो पार्ने आदि विषयहरु छन्।

सात. चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरुले चिनियाँ भाषा सिक्ने प्रक्रियाबाट दोस्रो भाषाको अध्ययन गर्ने विशेषता पनि प्रतिबिम्बित गरिन्छ। शुरुमा सुनाइ र बोलाइ गरिन्छ, अनि अक्षर सिक्ने र अक्षर लेख्ने गरिन्छ। त्यसपछि अधिकांश पाठ पढेर विद्यार्थीको पढ्ने क्षमतालाई माथि उकासिन्छ। अन्त्यमा पढ्नुका साथै लेख रचना गर्न लगाइन्छ।

## अध्याय तीन: पाठ्यक्रमको योजना

आठ. विद्यालयले चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरुको दक्षता, स्तर तथा चासोबमोजिम् चिनियाँ भाषा पाठ्यक्रमको परिकल्पना गर्नुपर्छ। तीमध्ये सन्तुलित एवम चौतर्फी चिनियाँ भाषा पढाइ, विद्यार्थीहरुको अवस्था बमोजिम पाठ्यक्रमलाई मिलाइनु, अभिभावक तथा विद्यार्थीको कौतुहलताको जवाफ दिइनुलगायत् विषयहरु समावेश छन्।

नौ. विद्यालयको व्यावहारिक अनुभवबाट पाठ्यक्रमलाई चारवटा भागमा विभाजन गर्नसकिन्छ: चिनियाँ भाषा कक्षामा भाग लिनु, एक अवस्थाबाट अर्को अवस्थामा जानु, विशेष उद्देश्यका लागि पढाइ, समग्र रुपमा प्रयोग गर्नु।

## अध्याय चार: पाठ्यक्रमका ढंगहरु

दश. विद्यालय लचिलो रुपमा छनौट गर्नसक्ने पाठ्यक्रमका ढंगहरु

### . ढंग एक: चिनियाँ भाषा कक्षामा भाग लिनु

चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरु चिनियाँ भाषा बोल्ने विद्यार्थीहरुसँगै मिलेर एउटै कक्षामा पढ्नु। चिनियाँ भाषा पढाइमा विभिन्न विद्यार्थीको विभिन्न माग रहेको हुनाले विद्यालयले कक्षाबाहेक विभिन्न विद्यार्थीलाई विभिन्न महत्वमा रहेको निर्देशन दिनुपर्छ। जसबाट चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरुलाई चिनियाँ भाषा कक्षामा भाग लिन सहायता पुऱ्याउन सकिनेछ।

**पालना गर्ने शर्त:** विद्यार्थीहरुले तिनीहरुको बच्चाको बेलामा हङकङमा आएर चिनियाँ भाषाको शिशु विद्यालयमा पढेका छन्। यो गरेपछि उनीहरु चिनियाँ भाषामार्फत पढ्नसक्छन्।

**फाइदा:** चिनियाँ भाषा पढ्ने वातावरण राम्रो छ। एक-अर्कालाई सहयोग गर्नसकिन्छ, विभिन्न जातिबीचको मेलमिलाप हुनसक्छ, विभिन्न प्रकारका संस्कृतिबीच जानकारी लिन सकिन्छ।

**चुनौति:** चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरु चिनियाँ भाषा बोल्ने विद्यार्थीहरुसँगै मिलेर चिनियाँ भाषा कक्षामा भाग लिन्छन्। विद्यालयले कक्षाबाहेक सम्बन्धित निर्देशन दिनुपर्छ तथा चिनियाँ भाषाको स्तरलाई निर्धारण गर्नुपर्छ।

### . ढंग दुई: एक अवस्थाबाट अर्को अवस्थामा जानु

चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरुले तिनीहरुको पढाइको शुरुमा सामान्य चिनियाँ भाषा कक्षाबाट छोड्नुपर्छ। तिनीहरुले छोटो अवधिमा प्रबल सिकाइमा भाग लिनुपर्छ। जसले तिनीहरुको चिनियाँ भाषाको स्तरलाई तीव्र गतिले माथि उकासिन्छ। त्यसपछि उनीहरुले अरु विद्यार्थीहरुसँग चिनियाँ भाषा कक्षामा भाग लिनसक्नेछन्।

**पालना गर्ने शर्त:** विद्यार्थीहरुले तिनीहरुको युवा अवधिमा हङकङमा आइपुगेर तुलनात्मक ढिलो रुपमा चिनियाँ भाषा पढ्न थालेका छन्। यसका साथै विद्यार्थीहरुले हङकङका विश्वविद्यालयमा पढ्न खोजेका तथा स्तरीय चिनियाँ भाषा बोल्न तथा लेख्न चाहिने पेशा खोजेका छन्।

**फाइदा:** प्रबल तरिकाबाट चिनियाँ भाषा पढ्नु यसको मुख्य फाइदा हो। आफ्नो चिनियाँ भाषाको जगलाई राम्रोसँग बसाल्नसकिने छ, पढाइमा हुने कठिनाइको सामना गर्नसकिने छ, पढाइसँग अभ्यस्त हुनेसमय प्रशस्त छ, पढाइमा तल्लो स्तरमा परेका विद्यार्थीहरुलाई पनि चिनियाँ भाषा पढ्ने अनुमति दिइएको छ।

**चुनौति:** विद्यार्थीहरुको स्तर तोक्ने तरिका हुनुपर्छ।जसबाट विद्यार्थीहरुले तुलनात्मक रुपमा तल्लो स्तरबाट पढ्न प्रत्याभूति दिनसकिनेछ।

### . ढंग तीन:   विशेष उद्देश्यका लागि पढाइ

विशेष उद्देश्यका लागि चिनियाँ भाषा पढ्नु हो। जसबाट दैनिक आदान-प्रदान तथा सम्पर्क गर्नसकिनेछ।

**पालना गर्ने शर्तः** विद्यार्थी विदेशबाट हङकङ फर्कने , छोटो समय बस्ने , उत्तीर्ण भएपछि हङकङ छोड्ने , चिनियाँ भाषाको स्तर उच्च नहुने , हङकङमा अरु बढी रुपमा पढ्ने र नोकरी गर्ने मन नहुने, बालककालमा मात्र हङकङमा आएका विद्यार्थी, चिनियाँ भाषासित अलि ढिलो रुपमा सम्पर्क गर्नुका साथै हङकङमा माथिसम्म पढ्ने तथा राम्रो चिनियाँ भाषा चाहिने नोकरी पाउने मन नहुने।

**फाइदाः** विशेष चाहनालाई पूरा गर्न सक्नु , सीमित पढ्ने परिधि ,वास्तविक जीवनसित जोडिएको, केन्द्रीत रुपमा आदान प्रदान र उपयोगी विषय पढ्ने , पढाइको वहन र दवावलाई सन्तुलित गर्नका लागि पढ्ने स्तरको चाहनालाई लचिलो रुपमा व्यवहार उतार्न सक्नु।

**चुनौतिः** पढेर पाउने ज्ञानलाई केवल विशेष चाहनालाई पूरा गर्ने रुपमा मात्र लिनु।

### . ढंग चारः   मिश्रित उपयोग

विद्यालय बढी पाठ्यक्रम राख्ने ढंगको विकास गर्ने सम्भावना हुनु , विभिन्न उपायको मिश्रित उपयोग गर्नु , जसबाट एउटै विद्यालयमा चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरुको भिन्ना भिन्नै चाहना , आकांक्षा र प्रतीक्षालाई पूरा गर्न सकियोस्।

**पालना गर्ने शर्तः** विद्यालयले चिनियाँ भाषा बढी बोल्न नसक्ने विद्यार्थीलाई भर्ना गर्नु , विद्यार्थीहरुको पृष्ठभूमि विविध हुनु , अभिभावकको भिन्नाभिन्नै प्रतीक्षा र माग तथा विद्यार्थीहरुको चिनियाँ भाषाको स्तरको विषमता ठूलो हुनु।

**फाइदाः** विभिन्न पाठ्यक्रमको उपयोग गरी अन्य विद्यार्थीको चाहना पूरा गर्नु।

**चुनौतिः** बढी स्रोत साधन र जनधन लगाउनु पर्नु। विभिन्न खालको पाठ्यक्रम राख्ने ढंगमार्फत विद्यार्थीहरुको भिन्नाभिन्नै लक्ष्य र चाहनालाई हेरचाह गर्नु।

## अध्याय पाँचः   पढाइ र सिकाइ

एघार. चिनियाँ भाषा नबोल्ने विद्यार्थीलाई चिनियाँ भाषा पढाउनका लागि पहिलो भाषा र दोस्रो भाषाको पढाइको फरकलाई बुझ्नु पर्ने । त्यसको आधारमा लक्ष्यसहित पढ्ने र पढाउने रणकौशल अपनाउनु।

बाह्र. चिनियाँ भाषा नबोल्ने विद्यार्थी चिनियाँ भाषा पढ्ने बेला आफ्नो मातृ-भाषा र चिनियाँ भाषाबीचको भिन्नताले हान् च्को आकार , टोन , विशेष शव्दभण्डार ,वर्गीकरण र शव्दको क्रम आदि क्षेत्रमा तिनीहरुले कठिनाइ भेट्नेछन्।

तेह्र. पढाइ र सिकाइको सिद्धान्तः विद्यार्थीको खुबीबारे जानकारी लिनु , पढ्ने लक्ष्यलाई प्रकाश पार्नु , पढाइका विविध चाहनालाई हेरचाह गर्नु, पढाइको स्तरलाई सामन्जस्य गर्नु , शैक्षिक सामग्रीलाई अनुकूल पार्नु र लचिलो रुपमा प्रवल सिकाइको स्रोत-साधनको उपयोग गर्नु।

चौध. पढाइ र सिकाइको रणकौशलः अनुकरणमार्फत मौखिक भाषाको विकास गर्नु , शव्द चिन्ने र लेख्ने सिकाइ छुट्याउनु । शैक्षिक सामग्री शव्द संख्या र विद्यार्थीको बुद्धि र मनको विकाससित जोड्नु, पढाइ र लेखाइसित जोड्नु , भाषा पढाइको वातावरण तयार पार्नु ,अभिजात पढाइ।

## अध्याय छः   मूल्याङ्कन्

पन्ध्र. मूल्याङ्कन पढाइ र सिकाइको संगठित भाग हो। विभिन्न उपायको उपयोग गरी सर्वतोमुखी रुपमा पढाइको प्रदर्शनको मूल्याङ्कन गर्नु अनुकून हुन्छ। मूल्याङ्कन सामग्रीबाट पढाइमा मदत मिल्छ। विभिन्न चरणमा पढाइको प्रगतिबारे

जानकारी गराउनु।

सोह्र. चिनियाँ भाषा नबोल्ने विद्यार्थी विभिन्न ढंगको पढाइपछि विविध मूल्याङ्कन र अस्तित्व पाउनेछन्। हङकङ प्रमाणपत्र-तह परीक्षा, हङकङ उच्च स्तरीय परीक्षा,हङकङ माध्यमिक स्नातक शिक्षा,साधारण शिक्षा प्रमाण-पत्र, अन्तर्राष्ट्रिय साधारण माध्यमिक शिक्षा र साधारण माध्यमिक शिक्षा प्रमाण-पत्र।

ढंग एक
चिनियाँ भाषा कक्षामा भाग लिनु

ढंग दुई
एक अवस्थाबाट अर्को अवस्थामा जानु

ढंग तीन
विशेष उद्देश्यका लागि पढाइ

ढंग चार
मिश्रित उपयोग

हङ्गकङ्गको माध्यमिक स्कूलको प्रमाण पत्र (HKDSE) / हङ्ग कङ्गको माध्यमिक स्कूलव्दरा परीक्षा (HKCEE) / हङ्ग कङ्गको उच्च स्तरीय परीक्षा (HKALE)

साधारण माध्यमिक स्कूलको प्रमाण पत्र ( GCSE ) / अन्तर्राष्ट्रिय साधारण माध्यमिक स्कूलको प्रमाण पत्र ( IGCSE ) / साधारण शिक्षा प्रमाण पत्र ( GCE )

रोजगारी गर्ने वा अझै पनि विद्यालयमा भर्ना हुने

## अध्याय सातः शिक्षण तथा सिकाइ स्रोतहरू

सत्र. चिनियाँ भाषा बोल्न नसक्नेहरूका लागि पाठ्यक्रम स्रोतको विकास—आधारभूत शब्दभण्डार,सिकाइको लागि उपयोगी सफ्टवयर,विद्यालयहरूका अनुकूल आधारभूत पाठ्यक्रमका उदाहरणहरु,सिकाइ सामग्री,सिकाइका लागि उपयोगी अन्य सामग्रीहरू।

अठार. चिनियाँ भाषा नजान्नेहरुका लागि थप सहायता र स्रोतहरु-विद्यालयले दिने लगातारको सहायता,तेस्रो पक्ष तथा गैरसरकारी संस्थाका सहायक योजनाहरू,शिक्षकका पेशागत सीपहरू,अभिभावकको सहायता,समूदायको सहयोग तथा विविध अनुसन्धान र विकास योजना।

## परिशिष्ठ

उन्नाइस. हायक सामग्रीहरू-आधुनिक चिनियाँ भाषाविज्ञान,चिनियाँ भाषा र अक्षरका विविध सामग्रीहरू,चिनियाँ भाषा बोल्न र लेख्न सक्ने चीनका विभिन्न क्षेत्रका जनताहरू,सिकाइ र पाठ्यक्रमका विविध सामग्रीहरू जस्तैःभाषाअनुकूल विद्यालयको शिक्षण सिकाइका विविध ढंगहरू,विद्यालय पाठ्यक्रमको प्रारुप,शिक्षण योजना र कार्यउद्देश्य,विद्यालयका शिक्षण सिकाइ सामग्रीहरू आदि।यी सबै कुराको सूचना समुद्रपार चिनियाँ भाषा परीक्षालाई पनि दिइएको छ।त्यस्तै गरेर बहु भाषा शिक्षण,शिक्षण सिकाइका सहायक सामग्री,चिनियाँ भाषाका आत्म-सिकाइ गर्नेहरू तथा शिक्षण-सिकाइका सामग्रीहरू समेत उपलब्ध छन्।

शिक्षा ब्युरो
हङकङ विशेष प्रशासनिक क्षेत्र सरकार
नोभेम्बर 2008

यो अनुवाद गर्ने कागज पत्र हो। अनुवाद गरिएको कुनै विषयको अर्थ चाहिं चिनियाँ भाषी दस्तापेचसित फरक भएमा चिनियाँ भाषी दस्तापेच अनुसार गर्नु पर्छ।